नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.....................................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : २०७८/०२/२०

**विषय :-** प्रेस बिज्ञप्ति

विश्वभरी फैलिदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएकोमा नेपालका धेरै स्थानहरूमा संक्रमण दर तीव्ररूपमा बढीरहेको छ । विश्व स्वास्थ्य संगठनले भेरियन्ट अफ कन्सर्नभित्र परेका र विभिन्न देशहरूमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्टलाई "अल्फा, "डेल्टा"," "गामा", "कप्पा" छुट्टाछुट्टै नाम दिएको छ। पछिल्लो समय नेपालमा फैलिएको कोभिड-१९ भेरियन्टलाई "डेल्टा (B.1.617.2)" नाम दिइको हो । हाल नेपाल मा भेटिएका भेरियन्ट अफ कनसर्न मा अल्फा र डेल्टा रहेका छन । हालसम्म नेपालमा यस बाहेक अरू कुनैपनि नयाँ भेरियन्ट पुष्टी भएको छैन ।विभिन्न् अन्तराष्ट्रिय सञ्चार माध्यमहरुमा आएको नेपालमा नयाँ भेरियन्ट पत्ता लागेको निराधार समाचार प्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । जनस्वास्थ्यका विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आधिकारिक सूचना जानकारी नलिई त्यस किसिमका भ्रमात्मक समाचार सम्प्रेषण नगरि जिम्मेवार बनीदिनु हुन र त्यस किसिमका गतिविधि गर्ने गराउने सञ्चारकर्मी र सञ्चार माध्यमहरुलाई मन्त्रालय जिम्मेवार बन्न सचेत गराउँदछ । संक्रमण रोक्न हामी सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्डहरूको पालना गर्न गराउन भूमिका बढाउन सबैको जानकारीका लागि बिनम्र अपिल गर्दछौं ।

२०७८।२।२०

डा. कृष्णप्रसाद पौडेल
प्रवक्ता

---

"जनस्वास्थ्यका मापदण्डहरुको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"



मास्क लगाऔं



भौतिक दुरी कायम गरौं



बेलाबेलामा साबुनपानीले हात धोऔं